सिस्ने गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## (शिक्षा युवा तथा खेलकुद शाखा)

रुकुमकोट, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश,नेपाल

प. सं. २०७९।०८०
सूचना नं ६0

मिति २०७९।१०।१८

## अनुदान शिक्षक विज्ञापन सम्बन्धी सूचना !!!

**दोस्रो पटक प्रकाशितः २०७९।१०।१८**

सिस्ने गाउँपालिकाको मिति २०७९।०५।२२ गतेको गाउँ शिक्षा समितिको बैठकको निर्णयानुसार सामुदायिक विद्यालयमा हाल शिक्षक दरबन्दी अभाव पूर्ति गर्न यस गाउँपालिकाको अनुदान स्वंयसेवक शिक्षक करारमा नियुक्ति गर्न विज्ञापन प्रकाशित गरिएको छ।देहायको शर्त र परिधिमा रही रित पूर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**१. शिक्षक किसिम, तह र विषयः**

क. निम्न माध्यमिक तहः

| क्र सं | किसिम | विषय | विज्ञापन नं | माग संख्या | कै |
|---|---|---|---|---|---|
| १. | गाउँपालिका अनुदान कोटा | विज्ञान | ०६/२०७९/०८० | १ | |
| २. | गाउँपालिका अनुदान कोटा | गणित | ०७/२०७९/०८० | १ | |

**२. उम्मेदावारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यताः**

क. मान्यता प्राप्त शिक्षण संस्थाबाट परीक्षा दिन चाहेको विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको

ख. उमेर हदः दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुगी ४० वर्ष ननाघेको हुनुपर्नेछ।

**३. उम्मेदवारले अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरुः**

क. दरखास्त फाराम।

ख. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

ग. सम्बन्धित तहको शैक्षिक योग्यता र तालिमको प्रमाणपत्रको प्रतिलिपि।

घ. सम्बन्धित तह वा माथिल्लो तहको अध्यापन अनुमतिपत्रको प्रतिलिपि।

मंगल सिंह बुढा
शाखा अधिकृत

# सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## (शिक्षा युवा तथा खेलकुद शाखा)

रुकुमकोट, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश,नेपाल

प. सं. २०७९।०८०

४. तलव भत्ताः क. मासिक रु १८०००/-

५. परीक्षा दस्तुरः क. रु १०००/-

६. परीक्षाको किसिमः लिखित र अन्तरवार्ता।

७. परीक्षा केन्द्रः गाउँपालिकाको कार्यालय।

८. दरखास्त दिने स्थानः शिक्षा युवा तथा खेलकुद शाखा सिस्ने गाउँपालिकाको कार्यालय रुकुम पूर्व।

९. दरखास्त दिने अन्तिम मितिः मिति २०७९।१०।२४ गते कार्यालय समय भित्र ।

१०. लिखित परीक्षा मिति संक्षिप्त सूचीमा प्रकाशन गरिनेछ।

**११. विज्ञापन सम्बन्धी थप जानकारीः**

क. सम्बन्धित तह र विषयको पाठ्यक्रम शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ।

ख. दरखास्त फारामको अग्रभागमा उम्मेदवारले आफ्नो नाम थर विज्ञापन नं तह र परीक्षा दिने विषय स्पष्ट रुपमा लेख्नुपर्नेछ।

ग. कुनै उम्मेदवारले झुट्टा विवरण कागजात पेश गरेको पाइएमा निजको दरखास्त फाराम अस्वीकृत गरिनेछ।यदि त्यस्ता उम्मेदवारले नियुक्ति लिइसकेको भए पनि नियुक्ति समेत रद्द गरिनेछ।

घ. रित नपुगेको वा शर्त राखी कुनै पनि दरखास्त स्वीकृत गरिनेछैन।

ङ. दरखास्त फारामसाथ पेश गरिएका कागजातका प्रतिलिपिहरुमा उम्मेदवार स्वंयमले सक्कल बमोजिम नक्कल ठिक छ भनि हस्ताक्षर गरेको हुनुपर्नेछ।

च. दरखास्त फाराम सिस्ने गाउँपालिकाको वेवसाइट www.Sisnemun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

२०७९।१०।१५
मंगल सिंह बुढा
शाखा अधिकृत